जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- ११, २०८१ असोज २४ गते विहीबार, 10 Oct. 2024, नेपाल सम्वत्- ११४४ पृष्ठ-६, मूल्य रु. ५/-

फुलपाती भित्र्याइदै

बडादशैंको सातौं दिन आज शक्तिपिठहरुमा फुलपाती भित्र्याइदैछ । प्रत्येक वर्ष दुर्गापक्ष अन्तर्गत आश्विन शुक्ल सप्तमीका दिनमा मनाइने फूलपाती पर्व आज घर तथा मन्दिरहरुमा शास्त्रीय विधि अनुसार शुभ साइतको प्रतीक फूलपाती भित्र्याएर मनाइँदैछ ।

घटस्थापनाका दिनदेखि वैदिक विधिपूर्वक दुर्गालाई आव्हान गरी पूजाआजा गरिएको दशैंघर अथवा पूजाकोठामा शुभ साइतको प्रतीकका रुपमा उखु, हलेदो, केराको बोट, धानको बाला, बेलपत्र, दारिम, जयन्ती, अशोकको फूल र अन्य नयाँ पालुवा समेत भित्र्याउने चलन छ । नवपत्रिकाको नामले समेत चिनिने फूलपाती नौ देवीको प्रतीकका रुपमा भित्र्याई शास्त्रीय विधि अनुसार शक्तिको आराधनाका साथ पूजा गर्ने वैदिक विधि रहेको छ ।

आज मकवानपुरको वनस्खण्डी मन्दिरलगायत विभिन्न चोकहरुमा दुर्गा स्थापना गरी जमरा राखिएका स्थानहरुमा फुलपाती भित्र्याउने कार्यक्रम रहेको छ । यसैगरी काठमाण्डौको हनुमानढोका दरबारको दशैँघरमा गोरखा जिल्लाबाट ल्याइएको फूलपाती भित्र्याउने परम्परा छ । गोरखादेखि धादिङ जिल्लाको जीवनपुरसम्म गोरखा दरबारको दशैँघरका पुजारीसहित मगर जातिका ६ जनाले ल्याउने र धादिङ जिल्लाको जीवनपुरदेखि जमलसम्म काठमाडौँबाट गएका ब्राह्मण जातिका ६ जनाले ल्याउने परम्परा छ ।

मंगलमय शुभकामना

नेपालीहरुको महान पर्व वडा दशैको अवसरमा हाम्रा पाठकहरु, विज्ञापनदाताहरु, स्तम्भकारहरु, शुभचिन्तकहरु, आमनेपालीमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सहीखबर साप्ताहिक परिवार

जग्गा अतक्रिमण रोक्दै मन्दिर संरक्षण गर्न स्थानीय पालिकासँग माग



खोजिमा चण्डिनीदेवी

○ सरिता दाहाल

मकवानपुर। मकवानपुरगढी गाउँकार्यपलिका ३ मा अवस्थित चण्डिनीदेबी मन्दिरको जग्गा अतिक्रमण भएको प्रति स्थानीयले ध्यानाकर्षण जनाएका छन् ।

मन्दिर संरक्षण गर्दै अतिक्रमित जग्गा फिर्ता ल्याउन माग गर्दै स्थानीय चण्डिनीदेबी संरक्षण सरोकार संघर्ष समितिले आज मकवानपुरगढी गाउँपालिकाको ध्यानाकर्षण गराएका हुन् ।

ऐतिहासिक मकवानपुरगढी दरवारको समेत जग्गा अतिक्रमित भएको प्रति समितिले ध्यानाकर्षण गराएको हो । ऐतिहासिक, धार्मिक र महत्वपूर्ण पर्यटकीय महत्व बोकेको स्थलको संरक्षण गर्दै पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न उनीहरूले माग गरेका हुन् । चण्डिनीदेबी संरक्षण सरोकार संघर्ष समितिको तर्फबाट अध्यक्ष मिमसेन किङरिङ मगरले गाउँपालिका अध्यक्ष दोर्जे लामालाई ध्यानाकर्षण पत्र बुझाएका हुन्। उनीहरूले १३४ जनाको हस्ताक्षर सहितको ध्यानाकर्षण पत्र बुझाएका हुन् । स्थानीय सबै राजनीतिक दलको समेत प्रतिनिधित्व गर्दै उनीहरूले मन्दिरको गरिमा र महत्वको बारेमा खोज गर्नको लागि समेत आग्रह गरेका छन् ।

नेपाल एकिकरणको सुरूवात भएको, विदेशी हस्तक्षेपबाट मुलुकलाई बचाउन वीर गोर्खालीले वीरता प्रदर्शन गरेको,नेपाली सेनाको संगठनको सुभारम्भ भएको स्थानको रूपमा परिचित मकवानपुर गढिको गरिमा महत्व उच्च राख्न समितिले ध्यानाकर्षण गराएको अध्यक्ष मगरले बताए ।

मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात तीनै तहका सरकारहरू, सामाजिक संघ संस्था र व्यक्तिहरूबाट गढिको संरक्षण,प्रवर्दन र विकासको सुरूवात गरीएता पनि ऐतिहासिक मकवानपुर गढीको संरक्षण र विकासमा प्रयाप्त ध्यान पुग्न नसकेको समितिको निष्कर्ष छ । समितिले ऐतिहासिक सर्किट क्षेत्रको रूपमा रहेको ऐकिकरण बिजय पार्क फुलुङेश्वर महादेव मन्दिर, मकवानपुरगढी सानुगढी, ढुंगेगढी, जुंगे दरवार, चण्डिनीदेबीको मन्दिर संरक्षण र विकासको माग गरेको समितिका सचिव ज्ञानेन्द्र शाहले बताए ।

मकवानपुरगढी दरवारभन्दा पुर्व तर्फ करिब ३०० मिटर अगाडी वि.स १७७५ मा सेन वंशीय राजा माणिक सेनद्वारा निर्मित चण्डिनीदेवीको मन्दिर र काठको मौलो सहित स्थापना गरिएको स्थानमा हात्तीले पानीखाने पोखरी मन्दिरजाने सिडी, जग्गा नाप्ने जंगे पिलर समेत रहेको तथा समुदायद्वारा निर्मित गाउँघर क्लिनिक ३०७० सालसम्म संचालन हुदै आएको सो स्थानमा मकवानपुरगढी ३ सोहि स्थान बस्ने राजेश थापाले सबै संरचना भत्काई त्यस आसपासको जग्गा अतिक्रमण गरि सार्वजनिक सम्पतिको दोहन भएको ध्यानाकर्षण पत्रमा उल्लेख छ ।

यस क्षेत्रमा रहेको नेपाल ढेलिकमको ढावर निर्माण गराई सम्झौता समेत गरिएकोले सो सम्झौता रद्द गरि ढावर सहित निर्माण गरिएका घर ढहरा हटाउन पनि माग गरिएको छ । चण्डिनीदेवीको मन्दिर आसपास क्षेत्रका सम्पूर्ण जग्गा घेरावरा तथा संरक्षण गराई सेन वंशीय राजाहरूको इस्ट देवताको रूपमा मान्दै आएको चण्डिनीदेवीको मन्दिर स्थापना गर्न माग गरिएको हो ।

ध्यानाकर्षण गराइए अनुसार स्थानीय सरकारले अभिभावकत्व ग्रहण नगरेमा आफूहरू थप संघर्षमा उत्रने उनीहरूले बताएका छन् । ध्यानाकर्षण पत्र बुझ्दै गाउँपालिका अध्यक्ष लामाले आफ्नो क्षेत्रभित्र रहेको पर्यटकीय गन्तव्यको संरक्षणमा तत्काल आफ्नो तर्फबाट काम थाल्ने प्रतिवद्धता व्यक्त गरे । गाउँपालिकाको निमित्त प्रमुख प्रशासकीय अधिकृत सत्यनारायण शाह सहितको उपस्थितीमा अध्यक्ष लामाले ऐतिहासिक क्षेत्रको संरक्षणार्थ अतिक्रमित जग्गा फिर्ता ल्याउने पहल थाल्ने बताए ।





सही दानाको प्रयोग सफल व्यवसाय

स्वस्थ्य र पौष्टिक दानाको खोजिमा हुनुहुन्छ? चिन्ता नलिनुहोस्, हामी तपाईको सेवाका लागि तयार छौं । यस उद्योगबाट उत्पादिन दानाको प्रयोग गरेर व्यवसायमा सफलता हासिल गर्नुहोस् ।

सिद्धार्थ पेलेट फिड

हेटौंडा औद्योगिक क्षेत्र मकवानपुर ।

साथै वडादशै, दीपावली, नेपाल संवत्, छठ पर्वको अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

प्रकाशक/सम्पादक:- सरिता दाहाल
समाचार संयोजक:- संझना घिमिरे,
संवाददाता: गोपिनी दाहाल
प्रबन्ध/बजार व्यवस्थापक:- सिताकुमारी घिमिरे
मुख्य कार्यालय:- हेटौंडा-५ मकवानपुर
सम्पर्क:- ९८४५४६१३३३
इमेल: saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
मुद्रण:-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

सम्पादकीय

घाँटी हेरेर हाउ निलौ

मौसममा सुधार आउनै बाँकी छ । यसवर्षको चाड पर्व सुरू भएको छ । विभिन्न परम्परा र सांस्कृतिमा समृद्ध नेपालमा सबैको उस्तै महत्व छ । यद्यपि दशै, तिहार, छठ पर्व विशेष मानिन्छन् । नेपाल एक विविधतायुक्त र संस्कृति समेटिएको देश हो। यहाँका चाड पर्वहरुले मात्र धार्मिक आस्था कै कारण आपसमा विकृति ल्याउँदैनन्,बरू सामाजिक जीवन, सांस्कृतिक पहिचान र स्थानीय परम्परालाई पनि प्रतिबिम्बित गर्छन्, आपसी सद्भाव प्रकट गर्छन् । चाड पर्वहरु नेपाली समाजको अभिन्न हिस्सा हुन्, जसले परिवार र समुदायलाई एकसाथ ल्याउँछन्।

चाड पर्वहरुको समयमा हर्षोल्लास, प्रेम, र भाइचारा प्रकट हुन्छ। विशेष गरी, दशैं र तिहार जस्ता पर्वहरुले मानिसहरुलाई एकसाथ बास गर्न र साझा मूल्यहरुको सम्मान गर्न प्रेरित गर्छन्। यो समयमा परिवारका सदस्यहरु एकत्रित भएर अतीतका स्मृतिहरु सँगै बाँड्न र भविष्यका योजना बनाउन अवसर समेत मिल्छ। चाड पर्वसँग विशेष रीतिरिवाजहरु जडित हुन्छन्। जस्तै, दशैंको समयमा चण्डी पूजा, तिहारमा लक्ष्मी पूजालाई विशेष महत्व दिइन्छ। यी रीतिहरुले मात्र धार्मिकता व्यक्त गर्दैनन्, बरू सांस्कृतिक सम्पदाको संरक्षणमा पनि महत्वपूर्ण भूमिका खेल्छन्। यसले आगामी पुस्तामा संस्कार र परम्पराको प्रवाह सुनिश्चित गर्दछ। चाड पर्वहरुले सामुदायिक एकता र सहिष्णुताको भावना प्रबल बनाउँछन्। तिहारमा एकअर्कालाई मिठाइ र उपहार दिने परम्पराले मित्रता र सहकार्यको महत्वलाई उजागर गर्दछ। चाड पर्वहरुले मानिसलाई विभिन्न पृष्ठभूमिबाट जोड्ने अवसर सिर्जना गर्छ।

चाड पर्व र नेपाली परम्परा केवल तात्कालको उत्सव मात्र होइन, यो समाजको आत्मा हो। यी पर्वहरुले सम्झाउँछन् कि हाम्रो साँचो धरोहर मनेको एकता हो, सहिष्णुता हो, प्रेम हो। नेपालका चाड पर्वहरुले जीवनको रङ्गीनता र समृद्धि भर्न मद्दत गर्छन्, जसले हाम्रो संस्कृति र समाजलाई अझ समृद्ध बनाउँछ। प्रकृतिक विपत्तिको कारण आक्रान्त भएको बेला पर्वहरूको रौनक सबैको घरघरमा नहुन सक्छ, अपसी भातृत्व र अन्तरमनको पीडालाई समवेदन प्रकट गर्दै,पीडामा साथ दिन र परम्परा बचाउँनतर्फ लागौं । देखासीकी नगरौ ।

गाडी र सडकको अवस्था बुझेर यात्रा गर्दा सुरक्षित भइन्छ



दानबहादुर कार्की
डीआईजी/प्रवक्ता-नेपाल प्रहरी

अहिले खुलेका सडकमा पनि जोखिम छ । बर्खाले गर्दा गलेको जमिन भएका कारण माथिबाट पहिरो खस्न सक्ने भएकाले ढुक्क भएर यात्रा गर्न सकिने अवस्था छैन । त्यसैले गन्तव्यमा जानुअघि बाटोको अवस्था के छ भनेर बुझेर जाँदा सुरक्षित भइन्छ । यात्रुले प्रहरी वा गन्तव्य ठाउँसम्मका चिनेजानेका आफन्तलाई खबर गरेर योजना बनाएर हिँड्दा सुरक्षित हुन सकिन्छ ।

अहिले केही ठाउँमा गएको पहिरो हटे पनि मौसम पूर्वानुमान महाशाखालगायत सरकार र सरकारका निकायले जारी गरेका सूचनालाई सबैले गम्भीरतापूर्वक लिएर आफ्नो यात्राको योजना बनाउनुपर्छ । दशैँमा सबैलाई घार जान पाइयोस् भन्ने लाग्छ । घर जाने वा नजाने भनेको मानिसको व्यक्तिगत निर्णयको कुरा हो । तर घर जानुपर्ने मानिसले व्यक्तिगत सुरक्षा अपनाएर, जोखिम हुन सक्ने ठाउँकाबारे सम्बन्धित निकायबाट सूचना लिएर र योजना बनाएर यात्रा गर्नुपर्छ ।

यात्रा गर्दा जनसुकै परिस्थितिमा पनि नागरिकलाई परेका अप्ठ्यारोमा नेपाल प्रहरीका कर्मचारी अहोरात्र खटिरहेका छौँ । त्यसैअनुरूप केन्द्रबाट हरेक प्रहरी कार्यालयमा यात्रु सहायता कक्ष खोल्न लगाएका छौँ । यात्रु सहायता कक्षले मानिसले यात्रा गर्ने बाटोको अवस्था र हुन सक्ने जोखिमका बारेमा जानकारी गराउने छ । यसरी यात्रुले जानकारी लिएर सुरक्षित यात्रा गर्न सक्छन् । त्यसैले यस्तो बेला सबैले जिम्मेवार नागरिकको रूपमा काम गर्नुपर्छ भन्ने कुरा सबैले बुझ्नुपर्छ ।

यात्रु, चालक र बस व्यवसायीले ध्यान दिनुपर्ने कुरा

यो समयमा यात्रुले यात्रा गर्नुअघि गन्तव्य ठाउँ कहाँ हो ? त्यहाँसम्मको सडक अवस्था कस्तो छ भनेर जानकारी लिनुपर्छ । खचाखच भरिएका गाडी र छतमा चढेर यात्रा गर्नु हुँदैन भन्ने चेतना यात्रुमा हुन जरुरी छ । गाडी चालकले जाँड-रक्सी, लागूपदार्थ खाएको छ कि छैन ? लापर्बाही तरिकाले गाडी चलाएको छ कि छैन ? चालकको मानसिक अवस्था कस्तो छ ? आफू चढेको गाडीको अवस्था कस्तो छ लगायतका कुरा बुझ्नु नागरिकको कर्तव्य हुन्छ ।

सार्वजनिक गाडी चालकलाई गाडीमा यात्रा गर्ने सबै मानिसको ज्यानको सुरक्षा लिएको जिम्मेवारी बोध हुनुपर्छ । चालकले आफूले चलाउने गाडीको अवस्था हेर्नुपर्छ । गाडी यान्त्रिक रूपमा ठीक छ कि छैन भनेर हेर्ने तथा टायर, इन्जिनको अवस्था, इन्धनलगायतका कुराको जाँच गर्नुपर्छ ।

त्यसपछि गाडीमा चढेपछि चालकले पहिले सिट बेल्ट लगाउने, दुई पाङ्ग्रेमा भए हेल्मेट लगाउन नभुल्ने, गाडीमा भएका यात्रु सहज अवस्थामा छन् कि छैन हेर्ने, जाँड-रक्सी र लागूपदार्थ नखाने, साँघुरो सडकमा बढी गतिमा नचलाउने, तोकिएभन्दा बढी गतिमा गाडी नगुडाउने र आफूले चलाउने गाडीको रुटबारे जानकारी लिने गर्नुपर्छ । पानी परेको बेला सडक छेउ कमजोर भएको हुन्छ, सडक छेउबाटै ओभरटेक गर्दा पनि गाडी दुर्घटनामा पर्न सक्छ । प्रहरीको आँखा छलेर सुरक्षित भइन्छ भन्ने कुभावना नराखिकन गाडी चलाउनुपर्छ । लामो दूरीमा चल्ने गाडीमा दुई जना चालक राख्नुपर्ने नियम छ । गाडी बीचबीचमा आलोपालो गरेर दुई जना चालकले गुडाउनुपर्छ । यसको प्रहरीले कडाका साथ जाँच पनि गर्छ । यस्तै कतिपय लाइसेन्स नभएका चालकले पनि गाडी चलाएको पाइन्छ ।

त्यसैले सडकका चिह्न र सडक हेरेर नमात्तिकन र नआत्तिकन गाडी चलाउनुपर्छ । गाडी चलाउँदा सडक नियमको पालना गर्नुपर्छ । नियम नमानेर गाडी चलाउनेलाई ट्राफिक प्रहरीले कार बाहीको दायरामा ल्याउँछ । हरेक मानिसले आफ्नो थैली ठीकसँग राखेपछि चोरलाई दोष दिनु पर्दैन । गाडी चलाउने चालकले राम्रो ढङ्गले गाडी चलायो भने दुर्घटनामा पर्दैन र ट्राफिक प्रहरीको जरीमाना पनि पर्दैन । सडकमा गाडी चलाउँदा ट्राफिक नियमको पालना गर्ने कोही पनि मानिस जरीमानाको दायरामा पर्दैन ।

बस व्यवसायीले आफ्ना गाडीको परिचालन गर्दा बसको अवस्था कस्तो छ भन्ने कुराको जानकारी लिनुपर्छ । यदि बस चल्दाचल्दै बिग्रिन सक्छ भन्ने जस्तो लाग्छ भने जाँच गरेर मर्मतपछि मात्र चलाउनुपर्छ ।

गाडीमा सवार यात्रु नलुटिऊन्, नकुटिऊन्, बढी भाडा असुलीमा पीडित नबनून भन्नेतर्फको चासो, चिन्ता र चेतना गाडी व्यवसायी, समिति सबैले राख्नुपर्छ । गाडी किनेर छोड्दिँदैमा सबै कुरा स्वचालित चल्छ भन्ने कुरा हुँदैन । त्यसकारण गाडीलाई व्यवस्थित रूपमा चलाउनका लागि पनि गाडी व्यवसायीको मुख्य भूमिका हुन्छ । आफ्ना गाडी चालकले कुन अवस्थामा चलाएका छन् ? गाडीको अवस्था के छ ? यात्रुलाई कस्तो व्यवहार गरेका छन् ? यात्रुसँग गरेका व्यवहार कति भद्र, सौहार्द र सभ्य छ भन्ने कुराले देशको समग्र सभ्यतालाई पनि देखाउँछ । ठाउँ-ठाउँमा गाडीबाट जथाभाबी चन्दा असुली गर्ने, गाडी रोक्ने गतिविधिलाई पनि चालक, गाडी धनी र यात्रुले प्रहरीलाई सूचना दिन सक्छन् ।

गाडीमा जहिले पनि हुन सक्ने पकेटमारी, चोरीलगायतका व्यवहार कसैले गर्छ भने पनि प्रहरीमा सूचना दिनुपर्छ । आफ्नो गाडीमा कसैले अवैध वस्तु ओसारपसार गरेको छ कि ? लागूपदार्थ, जाँड-रक्सी, विस्फोटक पदार्थ, पटकाजन्य पदार्थ, भन्सार छलेका पदार्थ ओसारपसार गरेको छ कि भन्ने चिन्ता गाडी धनीले लिनुपर्छ । सुरक्षा भनेको सबैको चासोको विषय हो ।

जोखिम अथवा विपद् हुने अवस्थाको बारेमा प्राप्त सूचनालाई यात्रु, गाडी धनी र चालकले गम्भीरतापूर्वक ध्यान दिनुपर्छ । आफू यात्रा गर्ने सडक र पुल पुलेसाको अवस्था बुझेर गाडी चलाउनुपर्छ । सडकमा गाडी रोक्दा माथिबाट पहिरो खस्ने अथवा तलबाट कटान हुने अवस्था हो कि होइन भन्ने कुराको चालकले ख्याल गर्नुपर्छ । सडकमा दोहोरो पार्किङ गरेर गाडी आवागमन नै रोकिने गरी असहजता नहोस् भन्ने भन्ने कुरामा सचेत हुनुपर्छ । पहिरो गइहाल्यो वा गाडी जाममा परेको बेला यात्रु आत्तिन सक्छन् । त्यस बेला चालक र सहचालकले यात्रुसँग सभ्य व्यवहार देखाउनु पर्छ । बाढी पहिरो आउँदा हिलाम्मे र धुलाम्मे सडकका कारण दुर्घटना हुन सक्ने आँकलन गरेर यात्रा गर्नुपर्छ ।

यत्रा गर्दा पहिरोमा फसियो भने कहाँ सम्पर्क गर्ने ?

सुरक्षाका उपाय अपनाउँदै जाँदा जोखिम कम हुन्छ । सुरक्षाका उपाय अपनाउँदा अपनाउँदै कुनै आपत्ति आइहाल्यो भने आफू रहेको जिल्लाको प्रहरी कार्यालयको १०० नम्बरमा नि:शुल्क फोन गर्न सकिन्छ । जहाँ पहिरो, बाढी, ठूलो पानी परेर यात्रा गर्न गाह्रो भएको ठाउँमा यात्रुले सूचना दिनेबित्तिकै सुरक्षाका निकाय त्यस ठाउँमा परिचालन हुन्छन् । नेपाल प्रहरी हरेक घटनामा पहिला पुग्ने गरेको छ । तर कहिलेकाहीं प्रहरीको साधन स्रोतको अभावले चाहे जस्तो उद्धार हुन सकेको छैन । जोखिमको सूचना प्राप्त भएपछि जोखिम हुन सक्ने ठाउँको बारेमा सबैभन्दा पहिले आफैं सचेत हुनपर्ने हुन्छ । कुनै पनि घटनामा पहिलो उद्धारकर्ता सम्बन्धित व्यक्ति हुन्छ । त्यसपछि साथी, छिमेकी भएपछि बल्ल प्रहरी हुन्छ । त्यसैले प्रहरी पनि मानिस नै भएको हुनाले घटना भएपछि पुग्न साधन स्रोतका कारण कहिलेकाहीं नपुग्न सक्छ । एकैपटक धेरै ठाउँमा घटना भयो भने प्रहरी बाँडिएर जानुपर्ने हुन्छ । तर केही ढिलो/चाँडो घटनास्थलमा प्रहरी पुगिरहेको छ । त्यसैले प्रहरी दशैं-तिहार नभनिकन हरेक बेला खटिरहेको हुन्छ ।

दशैंलाई तडकभडक नबनाउँ

जे कुरा आफूलाई कसैले गर्दा दु:ख हुन्छ, त्यो कुरा अर्को व्यक्तिलाई गर्नु हुँदैन । दशैंको सांस्कृतिक, आध्यात्मिक तथा धार्मिक अन्तरवस्तुलाई नबुझिकन बिर्सेर भौतिकवादी, तडकभडक बनाउन खोज्दा अर्को व्यक्तिलाई असर पर्ने खालका गतिविधि नगर्न अनुरोध गर्दछौं । दशैंको एकदिनको तडकभडकले जिन्दगीभर पछुताउनुपर्ने दृष्टान्त भएको हुँदा जाँड-रक्सी खाएर झैझगडा गर्ने परिस्थिति बनेका घटना पनि छन् । दशैंमा आफ्नो घर छाडेर जाँदा चोरी भएका घटना, चाडपर्व भन्दै अत्यधिक जाँड-रक्सी खाएर गाडी चलाउँदा दुर्घटनामा परेका घटना र जुवातास खेलेर सम्पत्ति सकाएका घटना पनि छन् ।

दशैंजस्तो पारिवारिक पुनर्मिलनको सौहार्द वातावरणलाई अपव्याख्या गरेर सांस्कृतिक महत्त्व नबुझिकन जथाभाबी गर्ने परिपाटी गैरकानूनी, गैरसांस्कृतिक, गैरजिम्मेवार, असभ्यता झल्किने क्रियाकलाप नगर्दा हामी सभ्य नेपाली नागरिकको परिचय दिन सक्नेछौं । सबैजसो मानिस दशैं मनाउन आफ्नो मूलथलो जाने हुँदा विशेषगरी शहरी क्षेत्रका घरहरू खाली हुन्छन् । घर छाडेर मानिसले ताला ठीकसँग लगाउने, बत्ती बालेर छाड्ने, रेखदेख गर्दिन छिमेकीलाई जानकारी गराएर मात्र हिँड्ने, घरको सुरक्षा प्रबन्ध मिलाउने गर्नुपर्छ ।

सामाजिक सञ्जालमा "सबै परिवार बाहिर जाँदैछौं" भन्दै अझ तस्वीरसहित सूचना दिन जरुरी छैन । आफ्नो तस्वीर देखाउँदै अमरत्त्वको चाहनाले चोरी गर्ने मानिसलाई आफ्नो घरभित्र प्रवेश गर्ने वातावरण सिर्जना गरेका छौं कि भन्ने चिन्ता हुन आवश्यक छ । घर छाडेर जाँदै गर्दा भएका मूल्यवान् सामान लकरमा राख्ने गर्नुपर्दछ ।

(नेपाल प्रहरीका प्रवक्ता एवम् प्रहरी नायब महानिरीक्षक (डीआईजी) दानबहादुर कार्कीसँगको कुराकानीमा आधारित उज्यालो अनलाइनमा प्रकाशित सामग्री साभार गरिएको ।)

सहीखबर

विचार/फिचर

www.saheekhabar.com

२०८१ असोज २४ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

४३ वटा युट्युब च्यानललाई कारवाही गर्न साइबर ब्युरोलाई पत्राचार

○ सहीखबर संवाददाता

काठमाडौं । प्रेस काउन्सिल नेपालले तथ्यहीन, भ्रामक र अमर्यादित सामग्री सम्प्रेषण गर्ने ४३ वटा युट्युब च्यानललाई अनुसन्धान गरी कारवाही गर्न नेपाल प्रहरीको साइबर ब्युरोलाई पत्राचार गरेको छ ।

एकपक्षीय, अफवाहपूर्ण, अतिरञ्जित र अश्लील सामाग्री सम्प्रेषण गरेको भन्दै ती माध्यमलाई कानुनी कारवाहीको लागि पठाएको हो । काउन्सिलले सञ्चारमाध्यमका रुपमा दर्ता नभएका त्यस्ता माध्यमबाट गलत सामाग्री प्रसारण गरे सचेत गराई नसच्चिएमा थप कारवाहीका लागि प्रहरीमा पठाउँदै आएको छ ।

काउन्सिल अध्यक्ष बालकृष्ण बस्नेतको संयोजकत्वमा बसेको आचारसंहिता अनुगमन उपसमितिको निर्णयअनुसार ती सामाजिक सञ्जालसहित विभिन्न सञ्चारमाध्यमलाई कारवाही गर्ने निर्णय गरेको हो । काउन्सिलले सोमबार एक प्रेस विज्ञप्ति जारी गरी गत साउन महिनायता हिंसा, आतंकलाई प्रश्रय पुग्ने, हुँदै नभएको निराधार, अफ्वाह फैलाउने, अतिरञ्जित थम्बनेलसहितको शीर्षक दिई जनमानसमा भ्रम फैलाउने, त्रसित तुल्याउने विरुद्ध कारवाही तिव्र पारिएको जनाएको हो । गत चैत २० गते काउन्सिलले युट्युब व्यवस्थापन, सूचीकरण र अभिलेखिकरणसम्बन्धी कार्यविधि बनाई नियमित अनुगमन र कारवाही गर्दै आएको छ ।

काउन्सिलका सहप्रशासकीय अधिकृत एवं सूचना अधिकारी रामशरण बोहराद्वारा जारी विज्ञप्तिमा युट्युबसहित विभिन्न अनलाइन सञ्चारमाध्यमलाई भएका कारवाहीबारे जनाइएको छ ।

काउन्सिलले साउन यता मात्र आचारसंहिता पालना गर्न दिइएको निर्देशन पालना नगर्ने ३ वटा सञ्चारमाध्यमलाई अवज्ञाकारीको कालोसूचीमा राखेको छ । त्यस्ता सञ्चारमाध्यम राज्य तहबाट पाइने कुनै पनि सुविधा पाउनबाट वञ्चित हुनेछन् ।

कालोसूचीमा पर्ने सञ्चारमाध्यममा एबीपीक्राइमन्यूज डट कम, टीभिअन्नपूर्ण डटकम र सेतोखरी डटकम छन् । यो आर्थिक वर्षमा ७६ वटा उजुरी दर्ता भएका छन् भने २६९ सामाग्री काउन्सिलले स्वअनुगमन गरी कारवाही गरेको छ । पत्रकारिताको मूल्य मान्यताअनुरुप पत्रकारिता गर्ने उद्धेश्यका साथ सञ्चालित युट्युब च्यानललाई व्यवस्थित तथा मर्यादित बनाउने उद्धेश्यका साथ काउन्सिलले कार्यविधि बनाई काम गर्दै आएको छ । हाल युट्युब च्यानलबाट सम्प्रेषण हुने सामग्रीका विषयमा



उजुरी र गुनासाहरु बढ्दै गएको सन्दर्भमा कार्यविधि बनी नियमन गर्न थालिएको काउन्सिलले जनाएको छ ।

विज्ञप्तिमा मिडियाअन्तर्गत सञ्चालनमा रहेका तर आचासंहिता विपरितका सामग्री सम्प्रेषण गर्ने ५ वटा अनलाइन सञ्चारमाध्यमलाई हटाउन निर्देशन दिइ सचेत गराइएको, अरु ५ वटा माध्यमका विवादास्पद सामग्री हटाइ स्पष्टीकरण सोधिएको उल्लेख छ ।

त्यस्तै, ४ वटा दर्ता सूचीकरण नभएका वेबपोर्टल एवं सामाजिक सञ्जालका सामग्री हटाउन सचेत गराउँदै अन्यथा प्रचलित कानुन बमोजिम कारवाही हुने जनाएको छ ।

विधिवत रुपमा सञ्चालनमा नआई सामग्री सम्प्रेषण गर्ने तर पटकपटक सचेत गराउँदा पनि अवज्ञा गर्ने एक वेबपोर्टललाई नेपालभित्र सम्प्रेषण हुन नसक्ने व्यवस्थाका लागि नेपाल दूरसञ्चार प्राधिकरणमा पत्राचार गरिएको छ । त्यस्तै, विवादास्पद समाचार सम्प्रेषण गर्दै आएका अनलाइनपाना डटकम, स्वास्थ्यलाइभ डटकम, जनताटाइम्स डटकम, खप्तडटिभि डट कम, गुडटिभी डटकम, अर्थसञ्जाल डटकम, ध्वनीखबर डटकमसहितलाई विशेष अनुगमनमा राखी काउन्सिलले निगरानी गरेको जनाइएको छ ।

विभिन्न खालका कारवाहीमा परेका सबै सञ्चारमाध्यमको विस्तृत विवरण काउन्सिलले आफ्नो वेबसाइटमा समेत राखेको छ ।

मंगलमय शुभकामना



नेपालीहरुको महान पर्वहरु बडादशैं, शुभ दीपावली, नेपाल संवत् तथा छठको पावन अवसरमा आमनेपालीमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्षः सरस्वती बर्तौला
एवम्
नारी सिप सिर्जना केन्द्र

मंगलमय शुभकामना



नेपालीहरुको महान पर्वहरु बडादशैं, शुभ दीपावली, नेपाल संवत् तथा छठको पावन अवसरमा सम्पूर्ण किसान दाजुभाइ तथा दिदी बहिनी, हाम्रा उपभोक्ताहरुलगायत आमनेपालीमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विश्वराज बानियाँ एवम्
किसान खेती सेवा पसल
हेटौंडा कान्तिरापथ परिवार




मंगलमय शुभकामना



नेपालीहरुको महान पर्वहरु बडादशैं, शुभ दीपावली, नेपाल संवत् तथा छठको पावन अवसरमा आमनेपालीमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो हरिशंकर श्रेष्ठ
न्यू गृहेणी स्टोर्स
गुणस्तरीय किराना सामग्रीहरुको लागि हामीलाई सम्झनुहोस्
मानस चोक, हेटौंडा २



मंगलमय शुभकामना



नेपालीहरुको महान पर्वहरु बडादशैं, शुभ दीपावली, नेपाल संवत् तथा छठको पावन अवसर मा आमनेपालीमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

साधुराम चौलागाईं अध्यक्ष एवम्
सामुदायिक वन उपभोक्ता महासंघ
मकवानपुर हेटौंडा परिवार ।

मंगलमय शुभकामना



नेपालीहरुको महान पर्वहरु बडादशैं, शुभ दीपावली, नेपाल संवत् तथा छठको पावन अवसरमा हाम्रा शेयर सदस्यहरु, सञ्चालक समिति परिवारलगायत आमनेपालीमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

युवा बचत तथा ऋण सहकारी संस्था परिवार

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं, चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरूको जगेर्ना गरौं,मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं । धार्मिक,साँस्कृतिक सहिष्णुता कायम राखौं । एकअर्काको धर्मसँस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं । एक आपसमा भेद्भाव नगरौं, धार्मिक, साँस्कृतिक सहिष्णुता कायम राखौं ।

वडा दशैं, दीपावली, नेपाल संवत र छठ पर्वको अवसरमा यस क्याम्पस व्यववस्थापन समिति परिवार, विद्यार्थीहरु, अभिभावकहरु, प्राध्यापक तथा कर्मचारीहरु सबैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

यम सिलवाल
क्याम्पस प्रमुख एवम्
मकवानपुर बहुमुखी क्याम्पस परिवार
हेटौंडा २ मकवानपुर ।

saheekhabar.com

सहीरबर

फिचर/विचार/समाचार

२०८१ असोज २४ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७



हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान पर्व तिहार, नेपाल सम्वत तथा छठको अवसरमा हाम्रा उपभोक्ताहरु, शुभचिन्तकहरुलगायत आमनेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

अध्यक्ष प्रताप विष्ट

हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड परिवार, हेटौंडा



शुभकामना



२०८१ सालको ***बडा दशैं तिहार नेपाल सम्बत १९४५ एवम् छठ***को पावन अवसरमा हाम्रा सम्पूर्ण संस्थापक, प्रिन्सिपल, अभिभावक, शिक्षक/शिक्षिका, विद्यार्थी तथा शुभचिन्तकहरुमा सुख शान्ति समृद्धि सु-स्वास्थ्य तथा उत्तरोत्तर प्रगतीको


हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौं ।

नविन के.सी
सचिव
प्याल्सन मकवानपुर

Private & Boarding School's Organization Nepal 2067

प्याल्सन मकवानपुर

विनोद सुवेदी
अध्यक्ष
प्याल्सन मकवानपुर



हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान पर्व बडादशैं, शुभ दीपावली, नेपाल संवत् तथा छठ पर्वको पावन अवसरमा आमनेपालीमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

अध्यक्ष गोकर्ण पराजुली एवम्

नारायणी यातायात व्यवसायी कम्पनी प्रा. लि

हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान पर्वहरु बडादशैं, शुभ दीपावली, नेपाल संवत् तथा छठको पावन अवसरमा यस विद्यालयका विद्यार्थी, अभिभावक ज्यूहरु, सञ्चालक समिति, शिक्षक कर्मचारीलगायत आमनेपालीमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

माधव दाहाल प्रध्यानाध्यापक एवम्

भुटनदेवी माध्यमिक विद्यायलय हेटौंडा ।



हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान पर्व तिहार, नेपाल सम्वत तथा छठको अवसरमा हाम्रा निर्माण व्यवसायिहरु, हाम्रा शुभचिन्तकहरुलगायत आमनेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

निर्माण व्यवसायि संघ मकवानपुर

डेंगीबाट बच्ने उपायहरू

- लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्छ ।
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाडाँलाई छोपेर राखौं।
- लामखुट्टे भगाउने धुप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अँध्यारा कुना-काप्चामा कीटनाशक औषधी छर्कने गरौं ।
- कम्तिमा हप्ताको एकपटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु सफा गरौं ।

थाहा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, मकवानपुर ।

सहीखबर
समाचार/विविध
www.saheekhabar.com
२०८१ असोज २४ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

उदयमान ६ खेलाडी अस्ताएपछी ...

○सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको इन्द्रसरोवर गाउँपालिका(३ सिस्नेरी पहिरोमा परि मृत्यु भएका एन्फा एकेडेमीका ६ जना खेलाडीमध्ये तीनजनाको शव सोमबार हेर्दौंडा ल्याइ,श्रद्धाञ्जली कार्यक्रम गरिएको छ ।

सोमबार बिहान नेपाली सेनाको हेलिकप्टर मार्फत उनीहरूको शव हेर्दौंडा ल्याइएको थियो । असोज १३ गते शुक्रबार पहिरोमा परेका हेर्दौंडा १३ का अनुपम घलान, मकवानपुरगढी गाउँपालिका (४ का साइमन योन्जन र बारा जिल्ला निजगढ ८ का विकल रेउमीको शव ल्याएर मकवानपुर जिल्ला फुटबल संघले श्रद्धाञ्जलीका सभा गरेको हो ।

एन्फा एकेडेमीमा आवसीय प्रशिक्षण लिइरहेका ४० मध्ये ६ जनालाई सुरक्षित स्थानमा जाने क्रममा पहिरोले पुरेको थियो । ६ जनाको शव शनिबार साँझ सेनाको हेलिकोप्टर मार्फत पोष्टमार्टमका लागि त्रिवि शिक्षण अस्पताल काठमाण्डौ लगिएको थियो । एन्फा एकेडेमीले सञ्चालन गरेको आवासको लापर्वाहीको कारण उनीहरूको ज्यान गएको भन्दै आफन्तहरूले होस्टल सञ्चालकलाई कारवाही हुनुपर्ने माग गरेका छन् ।

कसरी भयो घटना

खेलाडी बन्ने उच्च महत्वकाँक्षा बोकेका बालकहरू, सन्तानको रहरलाई साथ दिँदै परिवारले पनि आफ्नो छत्रछाँयाबाट पर लगेर एन्फाको जिम्मा लगाए । होस्टलमै उनीहरूले पढाइलाई निरन्तरता दिने, खेल सिक्ने र राष्ट्रको नाम रोशन गर्ने लक्ष्य लिए ।

गत ६ महिना अघिबाट उनीहरू अलिख नेपाल फुटबल संघ एन्फाको पेरिफेरीमा बसेर खेल अभ्यास र शिक्षाको नयाँ पाठ सिक्दै अघि बढे । जहाँ मकवानपुर, सर्लाही, काठमाण्डौ, बारालगायत जिल्लाका ४० जना बालकहरू थिए ।

समयले सबै सपनाहरू पुरा हुन दिएन । दशैंको लागि एकेडेमीमा छुट्टी हुँदै थियो । परिवारसँग रमाएर पर्व मनाउनको लागि घर फर्कने दिन गन्दै बसेका बालकहरू त्यै दिन आउनुभन्दा ४ दिन अघि सदाको लागि बिदा भए । एक्कासी मनसुन सक्रिय भयो । १० गतेबाट रातको समयबाट लगातार पानी पर्‍यो । अविरल वर्षासँगै जनजीवन प्रभावित बन्दै आयो । यसैको मारमा परे मकवानपुर ३, बारा, सर्लाही र काठमाण्डौका १/१ बालकहरू ।

मनसुन सक्रिय भएपछि सोही वडामा रहेको कुलेखानी जलविद्युत आयोजनाको इयाम भरिदै आयो । इयाम भरिएर पानी ओभर फ्लो हुन थालेपछि ढोका खुल्नु पर्ने अवस्था आयो । प्राधिकरण प्रशासनले ११ असोजको रातमा इयामको ढोका खोल्न पर्ने परिस्थिती आउन सक्ने भन्दै आसपासका बस्तिलाई सुरक्षित बस्न आग्रह गर्‍यो । तर त्यै इयामको पानी बग्ने सिस्नेरी खोलाको किनारैमा रहेको बल्सालादेवी माविमा रहेका विद्यार्थीहरू सार्नतर्फ कुनै वास्तै गरिएन ।

साबरै १ हजार ५ सय ३० मिटर क्षमताको जलाशयमा क्षमताभन्दा बढी पानी भरिएपछि बाँध फुट्ने त्रासले केन्द्रका प्राविधिकहरुले शनिबार बिहान ५:४५ बजे बाँधका दुबै ढोका खोले ।

जसबाट पानीको उच्च वहाब सुरू भयो । यहींको पानी बस्ने स्थानीय सिस्नेरी खोला हवात्तै बढ्यो । खोला बढेपछि बल्ल सुरक्षित स्थान तिर जाने बारे विद्यालयको होस्टलमा तयारी सुरू भयो । भाग्ने क्रममा छोटो बाटो रोजेर भाग्दा गर्दा ६ बालकहरू केही बेर अघि बगेर आएको पहिरोको दलदलमा फसे । उनीहरूलाई तत्कार उद्धारको अभाव भयो । इयाम खुलेको सूचना आफूहरूसम्म नआउँदा ६ जना विद्यार्थी गुमाएको एन्फाले दावि गर्दै आएको छ ।

बाँध खोलेपछि हुन सक्ने जोखिम न्यूनीकरणका लागि केन्द्रका प्रमुख इन्जिनियर तारादत्त भट्टले शुक्रबार दिउँसो नै सरोकारवाला निकायहरुमार्फत जानकारी गराउन आग्रह गरेका थिए । भट्टद्वारा हस्ताक्षरित पत्रमा बाँध खोल्नुपर्ने स्थिति आउन सक्ने भन्दै सुरक्षित रहन आग्रह गरिएको थियो ।

कुलेखानी इयाम खोल्दा इन्द्रसरोवर ३ मा पर्ने ठेकर, सिस्नेरीलगायतका क्षेत्र डुबानमा पर्नेमा उच्च संभावना थियो । यसैबीच कुलेखानीको बाँध फुटे तूलो क्षति हुने त्रासले बिहानको मिर्मिरे उज्यालोमै दुवै ढोका खोलिएको प्रशासनको दावि छ । जहाँबाट बगेको पानीका कारण गएको पहिरोले बिहानै सुरक्षित स्थानतर्फ जान लागेका एन्फा एकेडेमीका विद्यार्थीहरुलाई पुग्यो ।

विद्यालयका सहायक प्रधानाध्यापक सुर्दशन घिमिरे तथा होस्टेल वार्डेनसहित ४ जना शिक्षक ४० जना विद्यार्थीलाई ठेकरस्थित गाउँले रिसोर्टमा राख्नका लागि लैजाँदै थिए । कुलेखानीको बाँध खोलेको खबर पाएपछि विद्यार्थीहरु त्रसित भएकै कारण यस्तो दुर्घघटना हुन पुगेको एन्फा एकेडेमीका सदस्य रूपेश थापा बताउँछन् ।

'हाम्रो विद्यालयलाई इयामको पानीले कुनै असर गर्ने अवस्था थिएन,' उनले भने, 'यहाँ बसेका बालकका अभिभावकहरुले फोन गरेर इयामको पानी खोलेको जानकारी गराइदिए । एक्कासि इयामको दुबै ढोका खोलेको सूचनाले विद्यार्थी डराए । हामी बिहानै रिसोर्टमा जान हिँडेका थियौं । आत्तिएर दुईवटा बाटो भएर छिटो हिँड्न खोज्दा पहिरोले परे ।'

पहिरोले पुरिँदा मकवानपुर जिल्ला समन्वय समितिका प्रमुख ललितकुमार घलानका छोरा अनुपम घलान, सिस्नेरीकै दिवस बानियाँ र मकवानपुरगढीका साइमन योन्जन, सर्लाहीका आदित्य बलम्पाकी, काठमाडौंका रियान्स आचार्य



विश्वले रूचाएको खेलमा स्थानीय सरकारको तर्फबाट सबै प्रकारको लगानी गर्न स्थानीय सरकार तयार रहेको भम्जनले बताएका थिए । तर ६ महिना नबित्दै अबोध बालकहरू जो भविष्यमा देशको नाम राख्ने खेलाडी बन्न चाहन्थे, उनीहरू नै रहेनन् ।

र निजगढका विकल रेउमीको घटनास्थलमै मृत्यु भयो । सिस्नेरीका तीन दर्जन घर बाढीले बगायो ।

"हामीले विद्यालय छोड्नुपर्ने थिएन। तर बच्चाहरु डराएकै कारण रि सोर्टमा लैजाँदै थियौं" वत्सलादेवी माविका विद्यालय व्यवस्थापन समिति अध्यक्ष तथा एन्फा एकेडेमीका संयोजक सुवासचन्द्र ठकुरीले भने । कुलेखानी जलविद्युत् केन्द्रकै कारण आफ्ना ६ जना विद्यार्थीले ज्यान गुमाउन बाध्य भएको आरोप ठकुरीको छ । कुलेखानीबाट आएको बाढीले विद्यार्थीलाई नभेटे पनि बाढीको खतरा बढेपछि सुरक्षित स्थानमा सार्ने क्रममा अकल्पनीय घटना भएको ठकुरीको भनाइ छ ।

'सामाजिक सञ्जालमा सूचना जारी गरेकै भरमा एकाबिहानै इयामका दुबै ढोका खोलेर भएभरको पानी ओरालोतिर झार्दिएपछि तलतिर रहेको मान्छे डराएर भाग्नुको विकल्प नै भएन,' ठकुरीले भने। "खोलानजिकै हाम्रो विद्यालय थियो। विद्यालयमा पनि बाढी आउला, रूखहरु ढलेर लाग्ला भन्ने त्रासले ठाउँ सार्दै थियौं, जमिन भासियो, माथिबाट पनि पहिरो खस्दा १०/११ जना विद्यार्थीलाई पुरेको रहेछ । अरुलाई उद्धार गरियो। ६ जनाको दु:खद् निधन हुन पुग्यो" उनले भने ।

एकैपटक इयामका दुबै ढोका खोलेर पानी छोड्दा विपत्ति आइपरेको र यो सबैको जिम्मेवारी विद्युत् प्राधिकरणले लिनुपर्ने ठकुरीको दाबी छ । 'कम्तीमा पानी खोल्नुअघि साइरन बजाउनुपर्थ्यो,' ठकुरी भन्छन्, 'इयाम भरियो भन्दै एकैपटक पानी खोल्नु नै गलत थियो, कम्तीमा थोरैथोरै गरेर पानी खोलिएको भए यत्तिका विपत्ति सामना गर्नुपर्ने थिएन ।'

इन्द्रसरोवर गाउँपालिकाका अध्यक्ष देवकृष्ण पुडासैनी पनि कुलेखानी जलविद्युत् केन्द्रकै कारण इन्द्रसरोवरले क्षति व्यहोर्नुपरेको बताउँछन्। आफूहरुले धेरै वर्ष पहिलेदेखि नै कुलेखानी जलविद्युत् केन्द्रलाई तूलो आवाजमा बज्ने साइरन राख्न भने पनि अटेर गरेको उनले बताए । एकाबिहानै इयामको ढोका खोल्दा अझ धेरै क्षति भएको उनको बुझाइ छ।

तर कुलेखानी जलविद्युत् केन्द्रका प्रमुख तारादत्त भट्ट शनिबार बिहान ४ बजेतिरको समयमा इयाममा पानी भरिएर ओभर फ्लो हुन थालेको बताउँछन् । भट्टले तुरून्तै जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रमुख तीर्थराज चिलुवाललाई फोन गरे । चिलुवालले पनि इयामको ढोका खोल्न निर्देशन दिए । गृह मन्त्रालयमा समेत आफूले सोधेर मात्रै बाँध खोलेको प्रमुख भट्ट बताउँछन् । साथै, जलाशयको पानी घटाउन ३ देखि ४ क्यूसेक पानी मात्रै छोडिएको भट्टको दाबी छ ।

'मैले आफ्नो मनखुसीले इयामको बाँध खोलेको होइन,' भट्टले भने, 'अघिल्लो दिन नै सञ्चारमाध्यममा सूचना सम्प्रेषण गरिएको थियो। इयाम फुटेर हुन सक्ने क्षति कम गर्न ढोका खोलिएको हो। सिस्नेरीको बाढी कुलेखानीको पानीले मात्र आएको होइन, तीन दिनदेखि परेको झरी पनि हो। विद्यार्थीहरुको मृत्युमा कुलेखानीको कुनै सम्बन्ध छैन।'

उद्धार गरिएका विद्यार्थीलाई हेलिकप्टरमार्फत लगेर ललितपुरस्थित एन्फा कार्यालयमा राखिएको छ । मृतक मध्ये ३ वटा शवलाई सोमबार हेर्दौंडा ल्याइएको हो ।

यसरी स्थापना गरिएको थियो एन्फाको एकेडेमी

मकवानपुरको इन्द्रसरोवर गाउँपालिका ३ सिस्नेरीमा अखिल नेपाल फुटवल संघ (एन्फा) ले गत चैत ३० गते एकेडेमी स्थापना गरेको थियो । फुटबलमा दक्ष खेलाडी उत्पादन गर्ने लक्ष्यका साथ १३ वर्षमूनि पुरूष खेलाडीलाई मकवानपुरको बल्सालादेवी मावि सिमिल इञ्जियरिङ शिक्षालयमा प्रशिक्षणमा राखिएको थियो । ४० जना छात्रहरूलाई नियमित अध्ययनसँगै खेल सिक्ने वातावरणमा उपलब्ध गराइने भएको थियो ।

अखिल नेपाल फुटबल संघ एन्फाले छनौट गरेका खेलाडीलाई विद्यालयकै छात्राबासमा राखेर अध्ययन र प्रशिक्षणको व्यवस्था मिलाईएको थियो । चैत ३० गते एन्फा अध्यक्ष पंकज विक्रम नेन्वाङको उपस्थितीमा महासचिव किरण राई र विद्यालय व्यवस्थापन समिति अध्यक्ष सुवासचन्द्र ठकुरीले संयुक्त रूपमा एकेडेमीको सुरूवालत गरेका थिए । सांविधान सभा सदस्य समेत रहेका ठकुरीले खेल क्षेत्रमा उर्जाशिल युवाहरूको आवश्यकता रहेको बताउँदै विद्यालयको लागि यो अवसर जुटाउन एन्फासँग आफूले धेरै मेहनत गरेको बताए । नेपालमै पहिलो पटक नयाँ अवधारणाका साथ यस्तो सम्झौता गरिएको थियो । विभिन्न जिल्लाबाट छनौट भएका खेलाडीहरूलाई एन्फा एकेडेमीले प्रशिक्षणमा राखेको थियो । छात्रावासमा फुटबलका प्रशिक्षक वार्डन कर्मचारी एन्फाले व्यवस्थापन गरेको थियो । यसको लागि एन्फाले वार्षिक २६ लाख प्रदान गर्ने सम्झौता ३० चैत २०८० मा भएको थियो ।

विद्यालय र एन्फा बिच भएको यो संझौता ४ वर्षको लागि हो । खेलाडीकै लागि भनेर बागमती प्रदेश सरकारको आर्थिक लगानीमा ८३ लाख रूपैयाँमा विद्यालय परिसरमा छात्रावास निर्माण गरेको छ ।

बजारको कोलाहालबाट टाढा, संघीय राजधानी काठमाण्डौबाट नजिकको दुरीमा पर्ने गरी प्राकृतिक हरियालीपूर्ण वातावरणीय हिसाबले समेत सिस्नेरी उपर्युक्त भएकोले छनौट गरिएको थियो । इन्द्रसरोवर गाउँपालिका वडा ३ का अध्यक्ष प्रताप भम्जनले विद्यार्थीलाई खेलाउदै र सिकाउदै अभ्यासमा पोख्त बनाउने तयारी भइरहेको केही समय अघि बताएका थिए । विश्वले रूचाएको खेलमा स्थानीय सरकारको तर्फबाट सबै प्रकारको लगानी गर्न स्थानीय सरकार तयार रहेको भम्जनले बताएका थिए । तर ६ महिना नबित्दै अबोध बालकहरू जो भविष्यमा देशको नाम राख्ने खेलाडी बन्न चाहन्थे उनीहरू नै रहेनन् ।



हार्दिक मंगलमय शुभकामना



नेपालीहरुको महान पर्व बडादशै, शुभ दीपावली, नेपाल संवत् तथा छठ पर्वको पावन अवसरमा आमनेपालीमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

हिरालाल श्रेष्ठ अध्यक्ष एवम्

पुरानो नारायणी यातायात व्यवसायी संघ



हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान पर्व बडादशै, शुभ दीपावली, नेपाल संवत् तथा छठ पर्वको पावन अवसरमा आमनेपालीमा हार्दिक शुभकामना ।

स्वागतराज प्याकुरेल अध्यक्ष



उद्योग संघ हेटौंडा, परिवार मकवानपुर ।





हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान पर्वहरु बडादशैं, शुभ दीपावली, नेपाल संवत् तथा छठको पावन अवसरमा यस विद्यालयका विद्यार्थी, अभिभावक ज्यूहरु, सञ्चालक समिति, शिक्षक कर्मचारीलगायत आमनेपालीमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

इश्वर लामिछाने प्रध्यानाध्यापक एवम्

जिएस निकेतन बोर्डिङ स्कुल हेटौंडा ।





हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान पर्व वडा दशै, तिहार, नेपाल सम्वत्, छठ एवम् ल्होसार पर्वको अवसरमा सम्पूर्ण अभिभावक, शिक्षक/शिक्षिका, विद्यार्थी, कर्मचारी, हाम्रा शुभचिन्तक तथा आमनेपालीहरुमा सुख, शान्ति, समृद्धि सु-स्वास्थ्य तथा उत्तरोत्तर प्रगातिको हार्दिक मंलमय शुभ कामना व्यक्त गर्दछौ ।

विनोद सुवेदी
प्रिन्सिपल

रामकृष्ण तिमल्सिना
अध्यक्ष:वि.व्या.स

दिनेशप्रसाद भण्डारी
अध्यक्ष:विद्यालय सञ्चालक समिति

बालजागृती इङ्लिस सेकेण्डरी स्कुल परिवार

सभ्य रूपमा चाडपर्व मनाऔं

- ☞ सभ्य रूपमा चाडपर्व मनाऔं ।
- ☞ चाडपर्वमा तडक-भडकसहितका खर्चिला कार्यक्रमहरू नगरौं ।
- ☞ चाडपर्वमा जुवातास नखेलौं र मद्यपान नगरौं ।
- ☞ संस्कृति र परम्परा जोगाऔं, चाडपर्वको मौलिक पक्षको संरक्षण गरौं ।
- ☞ सबैको चाडपर्व एवम् संस्कृतिको सम्मान गरौं ।
- ☞ चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

डेंगीबाट बच्ने उपाय

- ☞ लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्छ ।
- ☞ लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- ☞ घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- ☞ पानी राखेको भाडाँलाई छोपेर राखौं ।
- ☞ लामखुट्टे भगाउने धुप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- ☞ घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- ☞ अँध्यारा कुना काप्चामा कीटनाशक औषधी छर्कने गरौं ।
- ☞ कम्तिमा हप्ताको एकपटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड